# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा
प्रदेश नं.: २, नेपाल

प.सं.: २०८०।०८१
च.नं.: ४०९

मिति : २०८०।०८।१०

क्षीरेश्वरनाथ नगर कार्यपालिकाको कार्यालय महेन्द्रनगर, धनुषा

विषय : वैदेशिक रोजगार सन्ततीको छात्रवृति कार्यक्रममा सहभागी हुने बारे सूचना।

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्ड सचिवालयको च न ४२१ मिति २०८०।०८।०४ गतेको पत्रानुसार वैदेशिक रोजगार सन्तती छात्रवृति सञ्चालन कार्यविधि २०८० बमोजिम श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा विरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत अशक्त भएका श्रमिकहरुका १८ वर्ष मुनिका सन्ततीहरु पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि १२ कक्षा सम्मका विद्यार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराईने छात्रवृतिका लागि तपसील अनुसारको कागजात सहित आफू अध्ययनरत शैक्षिक संस्थामा अनुसूचि १ बमोजिमको ढाँचामा फारम भरी २०८० मंसीर मसान्त सम्म निवेदन दिन सम्बन्धीत सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदनका लागि)**

- निवेदकको संरक्षकको नागरीकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं खुल्ने कागजात ।
- वैदेशिक रोजगारीमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपी
- निवेदक, संरक्षक र कामदार बीचको नाता प्रमाणको प्रतिलिपि
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि
- सम्बन्धीत स्थानीय तहको सिफारिस

**साविकमा प्राप्त गरिरहेका बालबालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि

छात्रवृतिको सिमा

वार्षिक रुपमा आधारभूत तहका लागि रु १२०००।– माध्यमिक तहका लागि रु १६०००।– प्रदान गरिने छ । एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एक मुस्ट छात्रवृति उपलब्ध गराईने छ।

नोट : छात्रवृति फाराम रोजगार सेवा केन्द्र (जिल्ला समन्वय समितिको परिसर भित्र) लिन सकिनेछ वा सचिवालयको वेवसाइट www.feb.gov.np वा क्षीरेश्वरनाथ नगरपालिकाको वेवसाइट https://kshireshwornathmun.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

अजयकुमार साह
रोजगार संयोजक

राम उदगार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वेवसाईट: www. kshireshwornathmun.gov.np, इमेल: kshireshwornathmun@gmail.com फोन:- ०४१-५४००७७

Scanned by CamScanner

**अनुसूची — १**

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**(छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा)**

मिति : ................

श्री प्रधानाध्यापकज्यू

.........................

**विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस उपलब्ध गराइ पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको .......................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त विरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुः-

<u>संलग्न कागजातहरू</u>

क) कामदारको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

**निवेदक**

नाम, थर :

ठेगाना :

मोवाईल नं. :

कक्षा :

रोल नं. :

Scanned by CamScanner